स्वास्थ्य शाखा जलजला गाउँपालिका

# मासिक अपडेट


वर्ष: १ अंक: ३ महिना: ३  पौष २०८२

## स्वास्थ्य संस्थालाई मोबाइल सेट र सिम वितरण

जलजला गाउँपालिका अन्तर्गतका १६ वटा सम्पूर्ण स्वास्थ्य संस्थालाई मोबाइल सेट तथा सिम कार्ड वितरण गरिएको छ। आपतकालीन अवस्थामा छिटो सम्पर्क स्थापना गर्न, सेवा समन्वयलाई प्रभावकारी बनाउन, प्रतिवेदन तथा सूचना आदान–प्रदानलाई सहज र द्रुत बनाउन तथा सेवाप्रवाहको गुणस्तर बढाई स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले उक्त मोबाइल सेट तथा सिम कार्ड वितरण गरिएको हो। यस पहलबाट स्वास्थ्य सेवाको प्रभावकारिता र समग्र गुणस्तर थप सुदृढ हुने अपेक्षा गरिएको छ।







जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत, पर्वत
गण्डकी प्रदेश, नेपाल

### सूचना सूचना सूचना

जलजला गा.पा अन्तर्गतका सबै स्वास्थ्य संस्थाको अधिकारिक सम्पर्क न. तपशिल बमोजिम रहेको सूचना सबैलाइ जानकारी गराइन्छ।

तपशिल

| क्र.स | वार्ड न | संस्थाको नाम | संस्थाको किसिम | फोन न | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ | स्वास्थ्य शाखा जलजला गाउँपालिका | स्वास्थ्य शाखा | ९८५७६६१२०१ | |
| २ | १ | बासखर्क स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ९८५७६६१२१० | |
| ३ | २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र -२ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ९८५७६६१२११ | |
| ४ | २ | ओखरबोट सामुदायिक स्वास्थ्य इकाई | सामुदायिक स्वास्थ्य इकाई | ९८६७६६१२१२ | |
| ५ | ३ | मल्लाज स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ९८५७६६१३१३ | |
| ६ | ४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र -४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ९८५७६६१२१४ | |
| ७ | ५ | लेखाफाट स्वास्थ चौकी | स्वास्थ्य चौकी | ९८५७६६१२१५ | |
| ८ | ५ | बहुमती सामुदायिक स्वास्थ्य इकाई | सामुदायिक स्वास्थ्य इकाई | ९८५७६६१२१६ | |
| ९ | ५ | लेखफाँट सामुदायिक स्वास्थ्य इकाई | सामुदायिक स्वास्थ्य इकाई | ९८५७६६१२१७ | |
| १० | ६ | शालिजा स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ९८५७६६१२०९ | |
| ११ | ६ | भोटेडाडा सामुदायिक स्वास्थ्य इकाई | सामुदायिक स्वास्थ्य इकाई | ९८५७६६१२०८ | |
| १२ | ७ | धाईरिङ स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ९८५७६६१२०७ | |
| १३ | ७ | सामुदायिक स्वास्थ्य ईकाइ धाइरिङ | सामुदायिक स्वास्थ्य इकाई | ९८५७६६१२०६ | |
| १४ | ८ | नाग्लिवाड स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ९८५७६६१२०३ | |
| १५ | ८ | फर्से सामुदायिक स्वास्थ्य इकाई | सामुदायिक स्वास्थ्य इकाई | ९८५७६६१२०५ | |
| १६ | ९ | बनौ स्वास्थ चौकी | स्वास्थ्य चौकी | ९८५७६६१२०४ | |
| १७ | ९ | डाडाखोर सा.स्वा.इ. | सामुदायिक स्वास्थ्य इकाई | ९८५७६६१२०२ | |

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

swastjaljala@gmail.com   https://jaljalamun.gov.np

स्वास्थ्य शाखा जलजला गाउँपालिका

# मासिक अपडेट


वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२


## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको PAN कार्ड (स्थायी लेखा नम्बर) अद्यावधिक

जलजला गाउँपालिका अन्तर्गतका सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको PAN कार्ड (स्थायी लेखा नम्बर) अद्यावधिक गरिएको छ। आर्थिक पारदर्शिता कायम गर्न, सरकारी भुक्तानी तथा सुविधा प्राप्तिलाई सहज बनाउन, करसम्बन्धी विवरण व्यवस्थित गर्न तथा आगामी दिनमा डिजिटल प्रणालीमार्फत सेवा र प्रोत्साहन भत्ता प्रदान गर्न सक्ने उद्देश्यले PAN कार्ड अद्यावधिक गरिएको हो। यस कार्यमा सहयोग पुऱ्याउने सबै स्वास्थ्य संस्था तथा सम्बन्धित स्वास्थ्यकर्मीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं।







जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत,पर्वत
गण्डकी प्रदेश नेपाल

पत्रसंख्या :-०८२/०८३ स्वास्थ्य
चलानी नं.:- ६६४

मिति:२०८२/०९/ १३

श्री राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका ज्यूहरू,
जलजला गाउँपालिका अन्तर्गतका सबै

विषय: जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा **राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका** कार्यक्रम निर्देशिका, २०६७ ( पहिलो संसोधन २०७६) मा उल्लेखित तपसिल बमोजिमका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको काम कर्तव्य, जिम्मेवारी तथा आचारसंहिता पूर्ण रूपमा पालना नगरेको पाइएमा पालिकाबाट प्रदान गरिने कुनै पनि सेवा- सुबिधा तथा आर्थिक भुक्तानी नहुने व्यवस्था रहेको सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपशिल:**

- पालिका साथै स्वास्थ्य संस्थाले दिएको जिम्मेवारी पुरा नगरेमा
- राष्ट्रिय तथा नियमित स्वास्थ्य कार्यक्रम ( खोप , पोषण , आमा सुरक्षा र अन्य कार्यक्रम )मा बिना जानकारी अनुपस्थित भएमा
- आमा समुहको नियमित बैठक संचालन नगरेमा
- नियमित मासिक रिपोर्ट नगरेमा र बैठकमा बिना जानकारी अनुपस्थित भएमा
- आधिकारिक रूपमा राजनैतिक पदमा बहाल रहेमा
- राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका बाहेक अन्य सेवा–सुबिधा लिएमा
- **सम्बन्धित वडामा नियमित रूपमा नबस्ने तथा वडा बाहिर बसोबास गरी सेवा प्रवाह गरेको दाबी गरेको पाइएमा।**

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :
श्री स्वास्थ्य संस्था सबै , जलजला गा पा

स्वास्थ्य शाखा जलजला गाउँपालिका

# मासिक अपडेट

वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२

## नियमित मसिक बैठक - पौष २०८२

मिति २०८२/०९/०७ -स्वास्थ्य शाखा जलजला गाउँपालिकाको नियमित बैठक जलजला गा पा का प्रशासकीय अधिकृत हरिकृष्ण आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ। बैठकमा मङ्सिर महिनाका प्रगाति समीक्षा , data error verification and validation , साथै आधारभूत स्वास्थ्य्य सेवा कार्यन्वयन कार्यविधि (BHS SOP) तथा आधारभूत स्वास्थ्य सेवाको अनुगमन दिग्दर्शन (BHS Monitoring Framework) सम्बन्धि अभिमुखीकरण कार्यक्रमको अभिमुखिकारण गरिएको थियो साथै सेवाप्रवाह र MSS आवश्यक सामग्री अंतर्गत सम्पूर्ण स्वास्थ्य चौकीलाई मोबाइल सेट र सिम वितरण र आवश्यक सूचीहरु ( नसर्ने रोग सूची , MSS flex) वितरण गरिएको थियो।



swastjaljala@gmail.com https://jaljalamun.gov.np

स्वास्थ्य शाखा जलजला गाउँपालिका

# मासिक अपडेट

वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२

## ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम

महीना - पौष जलजला गा पा स्वास्थ्य शाखाको आयोजनामा ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम बिभिन्न स्वास्थ्य चौकीमा सम्पन्न भएको छ जसमा जम्मा १४ जना गर्भवती महिलाहरुलाइ भिडियो एक्सरे सेवा दिइएको छ। तालिम प्राप्त सेवाप्रदायक मल्लाज स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मी सगुन जि.सि र बनौ स्वास्थ्य चौकी मा कार्यरत सि.अ.न.मी मैना कुमारी फकामीद्वारा उक्त भिडियो एक्सरे सेवा हरेक महिनाको १५ देखि २० गते सम्म पालिकाका बिभिन्न स्वास्थ्य संस्थामा संचालन हुनेछ र सम्पूर्णलाई लाभ लिनु हुन अनुराध गर्दछौं।







## प्रजनन उमेर समूहका महिलाहरुको लागि स्तन क्यानसर र पाठेघरको मुखको क्यानसरको नियमित स्क्रीनिंग

महीना - पौष जलजला गा पा स्वास्थ्य शाखाको आयोजनामा प्रजनन उमेर समूहका महिलाहरुको लागि पाठेघरको मुखको क्यानसरको नियमित स्क्रीनिंग कर्यक्रम बिभिन्न स्वास्थ्य चौकीमा सम्पन्न भएको छ जसमा जम्मा १२ जना प्रजनन उमेर समूहका महिलाहरुलाइ सेवा दिइएको छ। तालिम प्राप्त सेवाप्रदायक मल्लाज स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मी सगुन जि.सि , बनौ स्वास्थ्य चौकी मा कार्यरत सि.अ.न.मी मैना कुमारी फकामी, नाग्लिवाड स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मी डिल कुमारी शर्मा द्वारा उक्त सेवा मल्लाज स्वास्थ्य चौकी र नाग्लिवाड स्वास्थ्य चौकीमा प्रत्यक महिनाको १५ गते र बनौ स्वास्थ्य चौकी प्रत्यक महिनाको २५ गते संचालन हुनेछ र सम्पूर्णलाई लाभ लिनु हुन अनुराध गर्दछौं। प्रजनन उमेर समूहका महिलाहरुको लागि स्तन क्यानसरको स्क्रीनिंग प्रत्यक दिन सबै स्वास्थ्य संस्थामा संचालन हुने छ।

## जलजला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लामाखेत, पर्वत

गण्डकी प्रदेश, नेपाल

जलजला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लामाखेत, मल्लाज, गण्डकी प्रदेश, २०७

## सूचना सूचना सूचना

**गर्भवती महिलाहरुको लागि ग्रार्मिण video X-ray सेवा र प्रजनन उमेर समूहका महिलाहरुको लागि स्तन क्यानसर र पाठेघरको मुखको क्यानसरको नियमित स्क्रीनिंग सम्बन्धि सूचना**

स्वास्थ्य शाखा जलजला स्वास्थ्य शाखाको आयोजनामा गर्भवती महिलाहरूका लागि ग्रार्मिण **Video X-Ray** सेवा (RUSG ) तथा प्रजनन उमेर समूहका महिलाहरूका लागि स्तन क्यान्सर (Breast cancer screening ) र पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ( VIA screening ) सेवा प्रत्येक महिना तपशिल बमोजिमको मिति, समय र स्थानमा तालिम प्राप्त स्वास्थ्यकर्मीहरूद्वारा नियमित रूपमा सञ्चालन हुने सूचना सबैलाइ जानकारी गराइन्छ।

### पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ( VIA screening )

| स्थान | मिति | समय | सम्पर्क व्यक्ति | सम्पर्क | कैफियत |
|---|---|---|---|---|---|
| मल्लाज स्वास्थ्य चौकी | प्रत्यक महिनाको २५ गते | १०:०० बजे देखि ५ बजे सम्म | सगुन जि.सी | ९८५७६६१३१३ | |
| बनौ स्वास्थ्य चौकी | प्रत्यक महिनाको १५ गते | १०:०० बजे देखि ५ बजे सम्म | मैना कुमारी फकामी | ९८५७६६१२०४ | |
| नाग्लिवाङ स्वास्थ्य चौकी | प्रत्यक महिनाको २५ गते | १०:०० बजे देखि ५ बजे सम्म | डिल कुमारी शर्मा | ९८५७६६१२०३ | |

### गर्भवती महिलाहरूका लागि Video X-Ray सेवा(RUSG)

| स्थान | मिति | समय | सम्पर्क व्यक्ति | सम्पर्क | कैफियत |
|---|---|---|---|---|---|
| वार्ड न. १, २,३,४,५,६ | प्रत्यक महिनाको १५ देखि २० गते सम्म | १०:०० बजे देखि ५ बजे सम्म | सगुन जि.सी | मल्लाज स्वास्थ्य चौकी | सम्बंधित स्वास्थ्य संस्थाबाट सूचना प्रकाशन हुने छ |
| वार्ड न. ७,८,९ | प्रत्यक महिनाको १५ देखि २० गते सम्म | १०:०० बजे देखि ५ बजे सम्म | मैना कुमारी फकामी | बनौ स्वास्थ्य चौकी | सम्बंधित स्वास्थ्य संस्थाबाट सूचना प्रकाशन हुने छ |

### स्तन क्यान्सर (Breast cancer screening )

| स्थान | मिति | समय | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| सबै वार्ड | प्रत्यक दिन | १०:०० बजे देखि ५ बजे सम्म | सम्बंधित वार्डका NURSING कर्मचारीहरु | |

**नोट - सम्बंधित आवश्यक सूचना स्वास्थ्य संस्थाको अधिकारिक Facebook बाट प्रकाशन हुने छ भने सम्पर्कको लागि नजिकका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाइ सम्पर्क गर्नुहुन अनुरोध छ।**

..................
खगराज गौतम
प्रमुख प्रशासकिय अधिकृत

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

स्वास्थ्य शाखा जलजला गाउँपालिका

जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखा
लामाखेत पर्वत, गण्डकी प्रदेश, नेपाल

# मासिक अपडेट

वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२

## संस्थागत सुत्केरी

महीना - पौष जलजला गा पा स्वास्थ्य शाखा अन्तर्गतका मल्लाज स्वास्थ्य चौकीमा ३ संस्थागत सुत्केरी र लेखफाट स्वास्थ्य चौकी मा १ गरि जम्मा ४ संस्थागत सुत्केरी भएको छ जससंग यो आ.बमा ९ वटा संस्थागत सुत्केरी भएको छ। उक्त सेवा मल्लाज स्वास्थ्य चौकी ,लेखफाट स्वास्थ्य चौकी , सलिजा स्वास्थ्य चौकीमा २४सै घण्टा उपलब्ध भएको जानकारी गरार्दछौ।










स्वास्थ्य शाखा जलजला गाउँपालिका

# मासिक अपडेट

वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२

## गर्भवती र सुत्केरी आमाको लागि नि:शूल्क एम्बुलेन्स सेवा

"गर्भवती र सुत्केरी आमाको सुरक्षा नै स्वस्थ समाजको आधार हो" जलजला गाउँपालिका द्वारा सञ्चालित लक्षित वर्गका नागरिकहरुलाई नि:शूल्क एम्बुलेन्स सेवा अन्तर्गत जलजला गाउँपालिका बिभिन्न वार्ड निवासी गर्भवती र सुत्केरी आमा म्याग्दी बेनी अस्पताल ,प्रादेशिक अस्पताल बाग्लुङ , पर्वत र पोखराका बिभिन्न अस्पताल सम्म निःशूल्क एम्बुलेन्स सेवा लिनुभैरहेको छ र उक्त सेवा निरन्तर रुपमा संचालन भएको जानकारी गरौदछौ साथै उहाँको स्वास्थ्य लाभको कामना पनि गर्दछौं ।














स्वास्थ्य शाखा जलजला गाउँपालिका

जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखा
लामाखेत पर्वत, गण्डकी प्रदेश, नेपाल

# मासिक अपडेट

वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२

## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम





## नियमित खोप सेवा कार्यक्रम









स्वास्थ्य शाखा जलजला गाउँपालिका

# मासिक अपडेट

वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२




## "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" अभियान अन्तर्गत स्वास्थ्य शिक्षा कार्यक्रम






# स्वास्थ्य शाखा जलजला गाउँपालिका

जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखा
लामाखेत पर्वत, गण्डकी प्रदेश, नेपाल

# मासिक अपडेट

वर्ष: १ अंक: ३ महिना: ३ पौष २०८२















*सम्पादक/सम्पर्क - अन्जली पि.सी ( जनस्वाथ्य अधिकृत anjaleephogovnp@gmail.com*